# सिंजा गाउँपालिका

## नराकोट,जुम्ला

कर्णाली प्रदेश , नेपाल

# बार्षिक निति तथा कार्यक्रम २०७८/०७९

Scanned with CamScanner

सिंजा गाउँपालिकाको शान

शिक्षा,स्वास्थ्य,कृषि,जलश्रोत,पर्यटन बिकासको अभियान

भन्ने नारकासाथ संचालन भैरहेको सिंजा गाउँपालिकाको आठौं गाउँसभाका सभा अध्यक्ष ज्यू ,बिशेष अतिथि ज्यू , उपस्थित सम्पूर्ण अतिथिज्यू,गाउँसभाका सदस्यहरु,सम्पूर्ण कर्मचारीहरु तथा उपस्थित सम्पुर्ण बुवा , आमा,दाजु,भाई,तथा दिदिबहिनि हरु ,

आज हामी यस सिंजा गाउँपालिकाको आठौं गाउँसभामा आब २०७८।०७९ को निति कार्यक्रम तथा बजेट पेश गर्न गईरहेका छौं यस अवसरमा सर्वप्रथम देशमा गणतन्त्र स्थापना तथा संघीय ब्यवस्था स्थापना गर्न अहम भुमिका खेली देशलाई यस स्थितिमा ल्याई पुर्याउन आफ्नो प्राण उत्सर्ग गर्ने महान शहिदहरु,जनआन्दोलनका घाईतेहरु,द्वोन्दपिडितहरु सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाशुमन अर्पण गर्न चाहान्छु ।

स्थानिय तहलाई अधिकार सम्मपन्न तथा आत्म निरभर बनाउने प्रयास तथा अभ्यास भैरहेकै अवस्थामा गत आब देखी बिश्वब्यापी माहामारीको रुपमा फैलिएको कोरोना भईरस (कोभिड १९) का कारणले देश थलापरेकोछ बिगत लामो समयदेखी हाम्रो देश तथा हाम्रो जिल्ला र स्थानिय तहमा पनी बन्दाबन्धी भै जनताको दैनिक जिवनमा प्रभाव परि शैक्षिक संस्थाहरु बन्द भै पठनपाठनमा समस्या परेको छ यस्तै अन्य आधारभुत आबश्यकता पुरा हुन नसकिरहेको र बिकास निर्माण लगायतका कामहरु सन्तोषजनक रुपमा संचालन हुन सकिरहेका छैनन् यस अवस्थामा यस असहज परिस्थिका माझमा सिंजा गाउँपालिकाको आठौं गाउँसभा संचालन गर्नु पर्दा हामीलाई बजेट लगायत अन्य धेरै कुराको अभाव तथा चुनौती भएको महशुस गरिरहेका छौं ।बिगतका बर्षहरुदेखी जनताको माझमा हामिले गरेका सवै बाचाकवोलहरु पनि पुरा हुन सकिरहेका छैनन् यि बिभिन्न चुनौतिहरुको बावजुद हामिले आठौं गाउँसभा बाट आगामी आबको निति तथा कार्यक्रम पेश गर्न गईरहेका छौं ।यस कोभिड-१९ बाट सिर्जित असहज परिस्थिति लगायत अन्य चुनौतीहरुको सामना गर्न बिगतको हाम्रो अभ्यास भन्दा फरक खालको बजेट तथा निति कार्यक्रम तयार गर्नु पर्ने भएको यस चुनौतिको घडीमा हाल सृजित असहज परिस्थितिको सामना तथा न्यूनिकरण र ब्यवस्थापन गर्नका लागी अहोरात्र खटिएर जनताको सुरक्षित हुन पाउने अधिकार प्रति बफादार रहने सम्पुर्ण जनप्रतिनिधिहरु,राष्टसेवक कर्मचारीहरु,सुरक्षा निकाय , राजनैतिक पार्टीका प्रतिनिधि तथा सरकारी तथा गैह्र सरकारी निकाय सवैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

उपस्थित माहानुभावहरु,

अब म आगामी आर्थिक बर्ष २०७८।०७९ को निति तथा कार्यक्रम पेश गर्ने अनुमती चाहान्छु ।

१) बिश्वलाई चुनौती दिईरहेको माहामारी र भोकमरी दुवै चुनौति संग सामना गर्न स्थानिय रैथाने बालिहरु उत्पादनलाई प्रोत्साहन गरी उत्पादनमा बृद्दि गरी रोजगारका अवसरहर सृजना गरी हाल बढीरहेको बेरोजगारी लाई कम गर्ने गर्ने निति लिईनेछ।

२) आफ्नो माटो आफै चिनौ,आफ्नो गाउँ आफै बनाउँ,पौरख गरौं पौरखी बनौं भन्ने उद्यश्यका साथ रोजगार सेवा केन्द्र संचालन तथा ब्यवस्थापनमा थप प्रभावकारी बनाईने,स्थानिय तहमा दर्ता भएका बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारिको प्रत्याभुति गर्ने, दक्ष जनशक्तिको बिकासका लागी आन्तरिक रोजगारिको प्रवर्धन गर्ने, शिपमुलक तलिमको ब्यवस्था गर्ने, आन्तरिक रोजगारिको अवसर श्रृजान गरी युवा ताथ शैक्षिक बेरोजगारलाई प्रथमिकतामा राखी सोरोजगारमुलक कार्यक्रममा सहभागी गराईने,बैदेशिक रोजगारी गुमाएका युवा हरुलाई उद्यमशिलता तर्फ आकर्षित गराईने, प्रधानमन्त्री रोजगार,मुख्यमन्त्री रोजगार जस्ता कार्यक्रमलाई अपनत्व गरी जनतासंग

Scanned with CamScanner

अध्यक्ष,जन प्रतिनिधिसंगा जनता जस्ता कार्यक्रममा सहभागी गराई यस गाउँपालिकामा जनतालाई विकासका कामहरुमा प्रत्यक्ष सहभागी गराई यूवाहरुलाई रोजगार सृजना हुनेगरी समुदायको मागमा आधारित बिकास योजना बनाउने निति लिईनेछ ।

३)गाउँपलिकाका प्रत्येक घर धुरिलाई पुग्ने गरी बिधुत उत्पादनको सम्भाब्यता अध्यायन भएको ठाउँमा बिधुत उत्पादन योजना निर्माण गर्ने निति अनुसार भरपर्दो बिधुत उत्पादन नभए सम्मका लागी प्रत्येक गाउँ बस्तिमा बिधुतिय पहुंचको अवसर सृजना गरी उज्यलो गाउँ बस्ति निर्माण गरिने उध्श्यका साथ बैकल्पिक उर्जा मार्फत महत्वपुर्ण सडक,चोक तथा प्रत्येक वस्तिहरुमा सड़क बत्तिहरु जडान गर्ने निति समेत लिईने छ तत्काल यसका लागी नराकोट झिम्रिकुना सडक,भकारी बारे केदारनाथ सडक,धितालिही शनिगाउँ जोडुभाडगाउँ सडकमा सौर्य उर्जा मार्फत सडक बत्ति जडाका लागी रु २ करोड सम्म रकमको ब्यवस्था गरिने छ ।

४) प्रतयेक बस्तिहरुमा खानेपानीको पहुंच पुर्याउन एक घर एक धारा निर्माण गरिनेछ ।यसका लागी बृहत खानेपानीका योजनाहरु निर्मण गर्ने तर्फ संघ तथा प्रदेश सरकार संग आबश्यक बजेटको लागी पहल गरिने छ।

५)सबै सिंजा बासिहरुलाई स्वास्थ्यमा समान पौंच भन्ने नाराका साथ स्वास्थ्यका लागी गाउँपालिका अध्यक्ष कोष स्थापना गर्ने सिंजा गाउँपालिकाका सम्पुर्ण स्वास्थ्य चौकीमा ल्यव स्थापना गर्ने वर्थिङसेन्ट नभएका स्वास्थ्य संस्थाहरुमा बर्थिङ सेन्टर स्थापना गर्ने सिजा आँखा उपचार केन्द्रलाई ब्यवस्थापन गर्ने गाउँपालिका उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम कोष स्थापना गरिने अध्यक्ष कोषबाट जटिल अवस्थाका सुत्केरीलाई र कुपोषित बच्चालाई रिफरल सुबिधा स्थाना गरिने जस्ता नितिहरु लिईनेछ ।

६) गाउँपालिका भित्र रहेका सवै स्वास्थ्य संस्थाहरुको स्तर बृद्धी गरीनुका साथै म स्वस्थ मेरो गाउपालिका स्वस्थ भन्ने भावनाका साथ बिभिन्न समयमा फैलिने माहामारी लगायत हाल बिश्वब्यापी माहामारिको रुपमा फैलिएको कोरोना भाईरसवाट बन्न आफु बन्ने र अरुलाई बचाउनु पर्ने बिषम परिस्थितिमा नेपाल सरकारको नागरीक स्वास्थ्यबिमा कार्यक्रम तथा हाल कोरोना माहामारीका कारणले स्वास्थ्य क्षेत्रमा थप संकट उत्पन्न भएकाले स्वास्थ्यकर्मी हरुलाई स्वस्थ्यबिमा गरिने नेपाल सरकारको नितिलाई प्रोत्साहित गर्दै कोभिड-१९मा स्थानिय तहमा खटिने स्वास्थ्यकर्मी तथा अन्य जनशक्ती हरुलाई स्वास्थ्य सुरक्षा सामाग्री अभाव हुन दिईने छैन साथै गाउँपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाई युक्त,बनाउनका साथै बालमृत्युदर ,मातृमृत्युदर घटाउन युवा युवतीहरुलाई यौन तथा एच.आई.भि.एड्स सम्वन्धी चेतनामुलक शिक्षा दिने तथा हाल बिश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरस रोग लगायत अन्य सरुवा रोग नियन्त्रण सम्वन्धी प्रचास प्रसार गर्न महिला स्वयमसेविका लागायत सवै स्वस्थ्यकर्मी हरुलाई सुरक्षित रहने उपाया सहित परिचालन गरिनेछ ।

७) कोभिड-१९का कारणले हाल शैक्षिक संस्थाहरु बन्द भै पठनपाठनमा अवरोध भएको छ यस अवस्थालाई मध्यनजर गर्दै सामुदायि बिध्यालयमा कार्यरत स्थायी शिक्षकहरलाई तालिम लगायतका बिबिध कार्यक्रमहरु संचालन गर्ने तथा बालबिकास सहयोगी कार्यकर्ता हरुको लागी अभिमुखिकरण गरी निरन्तर बिद्यार्थि मुल्याकन र आबश्यक तालिम संचालन गरी बिध्यालय शिक्षकहरुलाई बिध्यालयमा नै टिकाईराख्न बिशेष योजना ल्याउनुका साथै सकेसम्म सरकारी तलवमानमा प्रोत्साहन स्वरुप थप सुबिधा उपलब्ध गराईने छ,बिध्यालय भन्दा बाहिर रहेका बालबालिका हरुलाई बिध्यालय क्षेत्रभित्र ल्याउनका लागी बिध्यालय भर्ना अभियान,अविभावक हरुलाई जनचेतना मुलक कार्यक्रम गरिने छ।बिद्यालय क्षेत्र बिकास कार्यक्रम, सबैका लागी शिक्षा,जिवनप्रयान्त शिक्षा,प्रौढ शिक्षा,चेलिबेटी शिक्षा,यूवा शिक्षा तथा बाल शिक्षा जस्ता कार्यक्रमहरु अगाडी बढाउनका साथै स्थानिय भेषभुसा,भाषा,कला संस्कृतिको जगेर्ना गर्ने उध्श्यले हाल प्रथमिक तह सम्म खसभाषा पाठ्यक्रम निर्माण भैसकेकोले स्थानिय खसभाषामा पठन पाठन शुरु गरिनु का साथै यस क्षेत्रको साक्षरता दर बुद्धि गर्ने तर्फ पहल गरिने छ।

८)सामुदायिक बिद्यालयको पुर्वधार बिकास र पुन संरचना गर्ने,प्रयोगशाला र खेलमैदानको ब्यवस्था गरी प्राबिधिक तथा ब्बवसायिक शिक्षाको पहुचमा अभिबृधि गर्ने,बिद्यालहरुमा सके सम्म ईन्टरनेट सेवा जडान गर्ने,बिद्यालय हरुमा आबश्यकता अनुसार भवन निर्माण गरिने,खेलकुद लगायत स्वास्थ्य शिक्षाको ब्यवस्था गरिने,बिलालय स्तरिय लेखा ब्यवस्थापनमा जोड दिने,ECDदरवन्दी नभएका सामुदायिक

Scanned with CamScanner

बिलालयहरमा दरबन्दी श्रृजना गरिने,बिद्यालयमा बालबालिका लागी मनोरन्जनात्मक सिकाई सिक्ने वातावरण श्रृजना गर्ने,बिद्यालय स्तरिय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापकद्धारा पुरस्कारको ब्यवस्था गर्ने, जस्ता कार्यक्रम अगाडी बढाईने छ ।

९)स्थनिय स्तरमा उत्पादित फलफुल तथा अन्य नगदे बालिहरु र जडीबुटी संकलन गरी सुरक्षित भण्डारणका लागी गाउँपालिकालाई समेट्ने गरी प्रदेश तथा संघीय सरकारको साझेदारीमा शित भण्डार तथा जडीबुटी संकलन केन्द्र स्थापना गरी बजार माग बढेको बेलामा भण्डारण गरिएका बस्तुहरु बिक्रिबितरण गरी जनताको आय आर्जनमा टेवा पुर्याउने तथा प्रशोधन केन्द्र स्थापना गर्ने जस्ता बिशेष नितिहरु अबलम्बन गरिनेछ ।

१०) बिगतका बर्षहरु देखी अभ्यास गरिएको सामाजिक सुरक्षा भत्ता अनलाईन बिधिमा अध्यावधिक गरी बैंकिङ प्रणाली बाट मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्ने प्रक्रियाले पुर्णता पाउन सकेको छैन उक्त प्रकृयालाई पुर्णता दिई बैकिङ प्रणाली बाट मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्ने ब्यवस्था मिलाईने छ ।

११) कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भर हुनका लागी कृषकहरुलाई सहुलियतपुर्ण ऋण उपलब्ध गराउने,कृषि सामाग्रीमा अनुदान दिने फलफुलका बिरुवा अनुदानमा बितरण गर्ने बिभिन्न फलफूल ,बाली तथा पशुपालन सम्वन्धी पकेट क्षेत्र घोषणा गरी मल,बिउ,किटानासक औषधीको ब्यवस्था गर्ने तथा प्रङ्गारिक मल उत्पादन गरी हाल बिभिन्न बालिहरुमा प्रयोग भैरहेको बिषादी लाई निरुत्साहीत गरी अर्गानिक गाउँपालिकाको रुपमा बिकास गर्ने र स्थानिय रैथाने बालिहरुको उत्पादनमा बृद्धीगरी एक घर एक फलफुलको बगैंचा एक घरु एक हरित गृह जस्ता कार्यक्रम अगाडी बढाउँदै कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गर्ने तथा उन्नत जातका पशु हरु बितरण गर्ने निति लिईनेछ ।

१२)कृषि तथा पशुपालन,कृषि उत्पादनको ब्यवस्थापन,पशु स्वास्थ्य,सहकारी,कृषि सडक,साना सिंचाई लगायत कृषि प्रसार कार्यक्रमको संचालन गरी कृषिको ब्यवसायिकरण र कृषि उद्यमशिलताको बिकास गरी स्थानिय तहमा नै रोजगारीका अवसरहरुको सृजना गर्दै कृषकहरुको आए स्तर बृद्धि गर्ने लक्षलाई पुरा गर्न यस सिंजा गाउपालिका भित्रका प्रथमिकताका आधारमा कृषि बिकास कार्यक्रम तर्जुमा सोको प्रभावकारी रुपमा संचालन तथा ब्यवस्थापन गर्दै कृषकहरुको माग र आबश्यकता अनुसारका कार्यक्रम बनाईने छ र कृषि यान्त्रिक का सामाग्री बितरणका कार्यक्रमलाई प्राथमिकतामा राखिने छ ।

१३) हाल बिश्वमा भैरहेको जलवायु परिवर्तनका कारणले बिनासकारी बिपत्तिहरुको सामना गर्नु परिरहेको छ यसलाई न्यूनिकरण गर्न बृक्षा रोपण गर्ने ,वनक्षेत्र विस्तार गर्ने ,जलवायु अनुकुलित हुने कार्यक्रमहरु संचालन गर्ने ,प्राकृतिक प्रकोपसंग जुध्न सक्ने खालका कार्यक्रम हरु नदि नियन्त्रण,जलाधार संरक्षण,फोहोरमैला ब्यवस्थापन,प्रकोप नियन्त्रण जस्ता कृयालाप हरुमा जोड दिईने छ ।

१४) यस गाउँपालिकाको सबै बस्तिहरुमा कच्ची सडक पुगिसकेको स्थिति छ अब उक्त सडक हरुलाई स्तर बृधि गरी नराकोट बजार क्षेत्र,नराकोट झिम्रीकुना सडक,भकारी बारे केदारनाथ सडक,नराकोट बाँओमालिका सडक,धितालिह शनिगाउँ जोडु भाडगाउँ सडक लगायत अन्य गाउँ बस्तिका ठुला सडक हरुलाई सकेसम्म कालोपत्रे तथा आरसिसि गर्ने तर्फ पहल गरी हाम्रो सिंजा राम्रो सिंजा बनाईने छ साथै अन्तर स्थानिय तह जोड्ने सडकहरु निर्माणका लागी बिशेष जोड दिईनेछ ।

१५)सिंजा गाउँपालिकाको जिप्रका पुल नराकोट कोटेसाँघु पुललाई पक्की बनाउने तर्फ आश्यक पहल भैरहेको छ उक्त कार्यलाई पुर्णता दिदै सिंजा गाउँपालिका वडा नं ३ को भैंसेगौंडा र रातादाड वडा नं ६को भानाथानमा निर्माण हुने झोलुङ्गे पुलहरु हाल कोभिड-१९ का कारणले निर्माण कार्यमा ढिलाई भएता पनि अबका दिनहरुमा उक्त पुलहरुको निर्माणका लागी आबश्यक पहल गर्नुका साथै यस गाउँपालिकाको अन्य सम्भाब्य स्थानहरुमा पनि झोलुङ्गेपुलहरु निर्माण गर्ने तर्फ आश्यक पहल गरिनेछ ।

Scanned with CamScanner

१६) सूचना तथा संचारको अहिलेको अबस्थामा हाल संचालन भएको टेलीफोन सेवको अवस्था सन्तोष जनक छैन यसको समस्या समाधान गर्नेतर्फ आबश्यक पहल गर्दै सके सम्म गाउँपालिकाका सबै वडा कार्यालयहरुमा अनिबार्य ईन्टरनेट सेवा जडान गरी कार्यालयको कामकाजमा सहजता ल्याईनेछ साथै स्वास्थ्य संस्था तथा बिधालयहरुमा पनि ईन्टरनेट सेवाको ब्यवस्था गर्न पहल गरिनेछ ।

१७) सिंजा गाउँपालिका भित्र फरक क्षमता भएका ब्यक्ति हरुका लागी शिक्षा स्वास्थ्य लगायत क्षमता बिकासका तालिममा सहभागी गराई आयआर्जन गरी आत्म निरभर हुने अवसर श्रृजना गर्ने ,लैङ्गिक हिंसा,घरेलु हिंसा,बिपन्न महिला र असहाय बालबालिकाका लागी लैंगिक हिंसा निवारण कोष तथा बाल संरक्षण कोक्षको ब्यवस्था गरी हिंसामा परेका महिला तथा असहाय बालबालिकाका लागी सहयोग हुने खालको निति ल्याउने,अपांग,महिला,बालबालिका,जेष्ठनागरिक,दिलित,जनजाती,सिमांतकृत समुदाय तथा पछाडि पारिएका बर्गलाई प्रत्यक्ष लाभ हुने खालका बिशेष किसिमका योजनाहरु ल्याईनेछ ।

१८) नेपालको ईतिहासमा सिंजाको बिशेष ऐतिहांसिक महत्व भएको कुरा सबैलाई सर्व बिबिधै छ त्यसैलै यस क्षेत्रका ऐतिहांसिक मठ, मन्दिर,देवालय हरु संरक्षण हुने खालका कार्यक्रमहरु ल्याई धार्मिक तथा पर्यटकिय स्थानहरु संरक्षण गर्ने र पर्यटन प्रवर्धनका लागी प्रचार प्रसार गर्ने तर्फ बिशेष ध्यान दिनुका साथै सिंजा गाउँपालिकाको वडा नं ५ अन्तरगत खाली नैनालमाडु भन्ने स्थान लगायत अन्य सम्भाब्य स्थानमा सिंजा बिमानस्थलको सम्भाब्यता अध्यानका लागी संघ तथा प्रदेश सरका संगा माग गरि पठाईनेछ । ।

१९) सिंजा गाउँपालिकाको प्रशासनीक भवन बिगत बर्ष देखी निर्माणाधिन अवस्थामा रहेकाले आबश्यक बजेटको ब्यवस्था गरी निर्माण कार्य सम्पन्न गरिनेछ ।

२०)नेपाल सरकारको निती अनुरुप प्रत्येक स्थानिय तअमा १० देखी १५ शैयाको अस्पताल स्थापनाको क्रममा सिंजा गाउँपालिकामा स्थापना हुने १०शैयाको अस्पताल निर्माणको लागी आबश्यक जग्गाको ब्यवस्था गरी उक्त अस्पतालको भवन निर्माणका लागि पहल गरिने छ ।

२१) हाल निर्माणाधिन अवस्थामा रहेको सिंजाको गौरवको रुपमा रहेको सिंजा सभ्यता खस संग्रहालय र सिंजा रंगशाला निर्माण कार्य सम्पन्न गर्नका लागि आश्यक पहल गरिने छ ।

२२)सिंजा गाउँपालिकाको अधिकांश जग्गा जमिन खेतिकालागि उर्वर भूमि भएकाले परम्परागत खेती प्रणाली आधुनिक नगदे बाली तर्फ उन्मुख गराउनका लागी ग्रहा सुधार गरी यहाको हावापानी र माटो सुहाउँदो करिव ४५ हजारका फुजि स्याउका बिरुवा र ४५ हजारका उन्नत जातका ओखरको बिरुवा गाउँपालिकाका सबै वडाहरुमा लगाई कृषकको आए आर्जनमा बृधि गरिनेछ ।

२३) स्थानिय सरकार संचालन ऐन २०७४,अन्तर सरकारी बित्तिय ब्यवस्थापन ऐन २०७४,आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६,अनुसार प्राथमिकता अनुसार मध्यकालिन खर्च संरचना (MTEF) को आधारमा आयोजनाहरु निर्माण गर्ने निति लिईने छ जसबाट एक बर्षिय,त्रिबर्षिय, पंचबर्षिय तथा बहु बर्षियआयोजनाहरु तयार भै योजना बैंकको स्थापना हुने र श्रोत निर्धारण गर्न सहज हुने हुनाले गाउँपलिकाको दिगो तथा भरपर्दो बिकास भै कार्य सम्पादनमा सहजता पनी आउने छ भन्ने कुरामा बिश्वस्थ छौं ।

गाउँसभाका सदस्यहरु,अब म यस सम्मानित आठौं गाउँसभामा आर्थिक बर्ष २०७८।०७९को लागी अनुमानित प्रस्ताव गरिएको बजेट,कार्यक्रम तथा योजना प्रस्तुत गर्न चाहान्छु

क) संघीय सशर्त अनुदान चालु तर्फ रु. १४ करोड ५४ लाख
ख) संघीय सशर्त अनुदान पुजिगत तर्फ रु. ४७ लाख
ग) संघीय समानिकरण अनुदान तर्फ रु. ९ करोड ६१ लाख

Scanned with CamScanner

घ) संघीय बिशेष अनुदान पुजिकत तर्फ रु. १ करोड ६६ लाख
ङ) प्रदेश अन्य अनुदान चालु तर्फ रु. २ लाख
च) राजश्व बाँडफाँड तर्फ रु. ५ करोड ८९ लाख ८५ हजार
छ) आन्तरिक आम्दानी तर्फ रु. १० लाख

ज) जम्मा रु ३२ करोड २९ लाख ८५ हजार अनुमानित बजेट विनियोजन गरेको छु ।

अन्तमा माथि उल्लेखित बिभिन्न चुनौतिका माझ प्रस्तुत आब २०७८।०७९को निति, कार्यक्र तथा बजेटमा ब्यापक छलफल गरी पारित गर्नु हुनेछ भन्ने बिश्वास लिएको छु।

धन्यवाद,

देवलसिंह रावल
गाउँपालिका अध्यक्ष

मिति २०७८।३।१०

Scanned with CamScanner

आज मिति: २०७८ साल असार महिनाको १०गते बिहिबार दिन सिंजा गाउँपालिका अध्यक्ष श्री देवल सिंह रावलज्यू को अध्यक्षतामा यस सिंजा गाउँपालिकाको आठौं गाउँसभामा ७ २०७८/०७९ को निति तथा कार्यक्रम र बजेट पेश गरी तपशिल बमोजिमका गाउँसभाका सदस्यहरुको उपस्थितीमा निम्नानुसार निर्णय गरियो।

उपस्थिती:

१) श्री देवल सिंह रावल : गाउँपालिका अध्यक्ष
२) श्री सत्यकन्या खत्री : गाउँपालिका उपाध्यक्ष
३) श्री टेक बहादुर शाही : " प्रमुख प्रशासकीय अधिकृ
४) श्री रण बहादुर रोकाया : वडा नं. १ वडा अध्यक्ष
५) श्री नविन्द्रराज शर्मा : " २ वडा अध्यक्ष
६) श्री तिलाचन्द्र चौलागाई : " ३ वडा अध्यक्ष
७) श्री धन बहादुर बुढा : " ४ वडा अध्यक्ष
८) श्री मन बहादुर रावत : " ५ वडा अध्यक्ष
९) श्री कालि बहादुर बुढा : " ६ वडा अध्यक्ष
१०) श्री पुजा हमाल : सिंजा गा.पा. कार्यपालिका महिला :
११) श्री रामरुपा रोकाया : " " " "
१२) श्री कमला बुढा : " " " "
१३) श्री कन्नी रावत : " " " "
१४) श्री अंग सार्की : " " दलित सदस्य
१५) श्री लालभक्त सार्की : " " " "
१६) श्री निर्मला खत्री : वडा नं. १ वडा सदस्य
१७) श्री बिष्णु आचार्य : " " " "
१८) श्री पुर्ण ब० शाही : " " " "
१९) श्री कौशिल्ता कार्की : " " " "
२०) श्री पुर्णचन्द्र आचार्य : वडा नं. २ वडा सदस्य
२१) श्री दिग्दर्शन न्यौपाने : " " " "
२२) श्री असाडी सार्की : " " " "
२३) श्री नन्दकन्या न्यौपाने : " " " "
२४) श्री परेकलाल धर्ती : वडा नं. ३ वडा सदस्य
२५) श्री पार्वती सार्की : " " " "
२६) श्री सार्कि बुढा : वडा नं. ४ वडा सदस्य

Scanned with CamScanner

उपस्थिति

२५) मधुशंकर आचार्य ÷ इलाका प्रशासन प्रमुख
२६) चक्र बहादुर बुढा ÷ प्रहरी चौकी नराडोर (सई)
२७) भक्तीराम बुढा ÷ वडा नं. ४ वडा सदस्य
२८) युवराज बम ÷ वडा नं. ५ वडा सदस्य
२९) सार्कु बुढा ÷ " " " "
३०) ज्योतीकला परिवार ÷ " " " "
३१) हरि ब. रावत ÷ वडा नं. ६ वडा सदस्य
३२) सुनविरे रोकाया ÷ " " " "
३३) शान्ती नेपाली ÷ " " " "
३४) नरबहादुर रोकाया ÷ स्वास्थ्य शाखा प्रमुख
३५) पदम बहादुर भण्डारी ÷ योजना प्रमुख
३६) एकराज च्यौलागाई ÷ अधिकृत छैटौं
३७) मित्रलाल घिताल ÷ " " " (पशु शाखा प्रमुख)
३८) खडानन्द न्यौपाने ÷ " "
३९) ललित रोकाया ÷ " "
४०) जनकराज घिताल ÷ " "
४१) धर्मेन्द्र शर्मा ÷ IT अफिसर
४२) राजकुमार भट्ट ÷ इन्जिनियर
४३) इन्द्रराज गिरी ÷ रोजगार संयोजक
४४) भिम रोकाया ÷ शिक्षा प्रमुख (सहायक स्तर पाँचौं)
४५) गौरिकान्त च्यौलागाई ÷ लेखापाल
४६) धनलक्ष्मी पाण्डे ÷ कृषि शाखा प्रमुख
४७) मनिषा बुढा ÷ ~~शिक्षा~~ कृषि शाखा
४८) शैलेन्द्र रावत ÷ आ. ले. प.
४९) शक्ति सिंह रावत ÷ ना. सु. (सहायक स्तर पाँचौं)
५०) रबिन बुढाथापा ÷ सब इन्जिनियर
५१) नोलासिंह भण्डारी ÷ अ. सब इन्जिनियर
५२) विशाल शर्मा ÷ सब इन्जिनियर
५३) बसना बुढा ÷ महिला तथा बालबालिका शाखा
५४) लविन कुमार रोकाया ÷ यान्त्रिकरण शाखा
५५) रतनकसिंह ÷ अ. सब इन्जिनियर
५६) कल ब. रोकाया ÷ पशु स्वास्थ्य प्राविधिक
५७) दिपक रोकाया ÷ ५ ओभरसियर
५८) दलविर कामी ÷ कृषि प्राविधिक
५९) भिम प्रसाद दवाँडी ÷ ~~[illegible]~~

Scanned with CamScanner

Date |
Page |

५०) बल सिंह बड : अ० सब इन्जिनियर
५१) विष्णु ऋषि आचार्य : ना.सु. (वडा नं २ सचिव)
५२) मदन सिंह खत्री : " (वडा नं. ५ सचिव)
५३) विश्वेश्वर खत्री : वडा नं. १ सचिव
५४) धन ब० रावत : वडा नं. ३/४ सचिव
५५) दल ब० रोकाया : वडा नं. ६ सचिव
५६) जय प्रकाश आचार्य : रोजगार प्राविधिक सहायक
५७) कृष्ण प्रसाद चौलागाईं : इलाका प्रशासन
५८) मनका महत : पञ्जीकरण शाखा (फिल्डसहा...)
५९) धनलाल बुढा : ना.प्र.स.
६०) सम्झना बुढा :
६१) सपना ~~सन्त~~ बुढा (राना) : बहुक्षेत्रीय पोषण सहजकर्ता
६२) कृष्णराज घिताल : १ फिल्ड सहायक
६३) ईश्वरीदेवी उपाध्याय : वडा नं १ सामाजिक परि...
६४) सञ्जिव रावल : सहायक कम्प्युटर अपरेटर
६५) पुष्पा थापा (रावल) : सामाजिक परिचालक
६६) मोहन बुढा : ना.प्र.स.
६७) सूर्य ब० नेपाल : वडा नं १ का.स.
६८) नरसिंह रोकाया : गाडी चालक
६९) अभिशेक गिरी : प्राविधिक (OJT)
७४) हरि बहादुर राना : का.स. (सिंजा गा.पा.)
७५) लालिराम बुढा : " "
७६) भिम रोकाया : " "
७७) नन्द ब. रोकाया : " "
७८) बालकृष्ण राना : " गार्ड
७९) भगत नेपाली : कार्यालय स्वास्थ्य चौ...
८०) ललित राना : का.स. वडा नं. ३ कार्या...
८१) नन्दराम गिरी :

Scanned with CamScanner